# पुरचौडी बहुमुखी क्याम्पस

## पु.न.पा. १ हाट, बैतडी, नेपाल

# गुनासो सुनुवाई निर्देशिका

## २०७८

# पुरचौडी बहुमुखी क्याम्पस, पु.न.पा. १ हाट, बैतडी,नेपाल
## गुनासो सुनुवाई निर्देशिका, २०७८

**प्रस्तावना :**

२०६५ सालमा त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी जनस्तरबाट संचालित यस पुरचौडी बहुमुखी क्याम्पसले क्याम्पसको भौतिक, शैक्षिक, प्रशासनिक, आर्थिक क्षेत्रलाई सुव्यवस्थित ढंगले सुसंचालन तथा क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चिततालाई समेत दृष्टिगत गरी क्याम्पसमा गठन गरिएका विभिन्न समिति तथा क्याम्पसमा रहेको विभिन्न शाखा, एकाई एंव फाँटहरुको उद्देश्य, गठन प्रक्रिया तथा काम, कर्तव्य, अधिकारलाई समेटि यो पुरचौडी बहुमुखी क्याम्पस हाट, बैतडी गुनासो सुनुवाई निर्देशिका २०७८ तयार पारिएको हो ।

यस गुनासो सुनुवाई  निर्देशिकाले क्याम्पसलाई सुव्यवस्थित ढंगले संचालन गर्दै QAA प्रमाण पत्र प्राप्त गर्ने लक्ष्यमा टेवा पुऱ्याउनुको साथै क्याम्पसको आन्तरिक गुणस्तर कायम गरी राख्न समेत सहयोग पुऱ्याउँछ ।

**संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम "पुरचौडी बहुमुखी क्याम्पस हाट, बैतडी गुनासो सुनुवाई निर्देशिका, २०७८" रहनेछ

ख) यो निर्देशिका क्याम्पस संचालक समितिबाट स्वीकृति भएपछि तत्काल लागु हुनेछ ।

**परिभाषा :**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "क्याम्पस" भन्नाले " पुरचौडी बहुमुखी क्याम्पस हाट, बैतडी" लाई सम्झनु पर्नेछ ।

ख) "संचालक समिति" भन्नाले क्याम्पस संचालक समिति/व्यवस्थापन समितिलाई सम्झनु पर्नेछ ।

ग) "समिति" भन्नाले क्याम्पसमा रहेका विभिन्न समितिलाई सम्झनु पर्नेछ ।

घ) "शाखा,एकाई र फाँटहरु" भन्नाले क्याम्पसमा रहेका विभिन्न शाखा एकाई र फाँटहरु सम्झनु पर्नेछ ।

ङ) "पदाधिकारी" भन्नाले यस निर्देशिकामा उल्लेखित विभिन्न समितिका संयोजक/अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरुलाई सम्झनु पर्नेछ ।

**निर्देशक सिद्धान्त**

यस क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितताका लागि गठित विभिन्न समिति तथा क्याम्पसमा रहेका विभिन्न शाखा, एकाई र फाँटहरुले गर्ने कार्यमा निर्देशक सिद्धान्तको रुपमा यो " गुनासो सुनुवाई निर्देशिका २०७८" ले काम गर्नेछ ।

## क्याम्पसको गुनासो सुनुवाई समिती गठन प्रक्रिया

**(क) समितिको उद्देश्य :**

क्याम्पसको शैक्षिक एवम् गुनासो सुनुवाई तथा प्रशासनिक गतिविधिहरुको प्रभावकारिताका लागि आवश्यक कार्यहरु निर्धारण गरी क्याम्पसको आन्तरिक र वाह्य सुचनाहरुको बारेमा घनिभुत छलफल र समस्या सामाधानका उपायहरुको पहल गर्नु ।

**(ख) समितिको गठन :**

गुनासो सुनुवाई समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| १. फोकल पर्सन | संयोजक |
| २. संचालक समिति सदस्यहरुमध्येबाट | सदस्य २ जना |
| ३. बिभागीय प्रमुखहरुमध्येबाट | सदस्य २ जना |
| ४. क्याम्पसमा कार्यरत प्राध्यापकहरुमध्येबाट | सदस्य २ जना |
| ५. कर्मचारीहरुमध्येबाट | सदस्य ३ जना |
| ६. विद्यार्थी बाट | सदस्य १ जना |

**(ग) समितिको कार्यकाल :**

गुनासो सुनुवाई समितिको समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

**(घ) समितिको बैठक :**

१. गुनासो सुनुवाई समितिको समितिको बैठक महिनामा कम्तिमा १ पटक बस्नेछ ।
२. गुनासो सुनुवाई समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा बैठक बस्नु पर्ने भएमा विभागिय प्रमुखले बैठकको अध्यक्षता गर्न सक्नेछ ।

**(ङ) समितिको काम, कर्तव्य तथा अधिकार :**

गुनासो सुनुवाई समितिको काम, कर्तव्य तथा अधिकार निम्न बमोजिम हुनेछ :